# महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन

(२५ नोभेम्बर देखि १० डिसेम्बर, २०२५)

"सबै महिला र बालिकामाथि हुने डिजिटल हिंसा, अन्त्य गर्न एक होऔँ" भन्ने नाराका साथ यस वर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न भएको छ। सरकारी तथा गैरसरकारी क्षेत्रबाट हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म यो अभियान सञ्चालन गर्ने गरिन्छ।

पछिल्ला वर्षहरूमा महिला र बालिकामाथि हुने डिजिटल हिंसा उल्लेखनीय रूपमा बढिरहेको तथ्याङ्क, उजुरीहरूले पुष्टि गरेका छन्। सामाजिक सञ्जाल, मोबाइल एप, मेसेजिङ प्लेटफर्म तथा अन्य डिजिटल माध्यममार्फत हुने अनलाइन उत्पीडन, धम्की, गोपनीयता उल्लङ्घन, चरित्र हत्या तथा अश्लील सामग्री प्रसारणजस्ता घटनाहरूले महिला तथा बालिकाको सुरक्षा, आत्मसम्मान र मनोसामाजिक स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको छ।

२५ नोभेम्बरदेखि १० डिसेम्बर २०२५ सम्मको अवधिमा इन्सेकले उल्लेख्य रूपमा (संख्यामा?) लैङ्गिक हिंसाका घटनाहरूको अभिलेख गर्‍यो। महिला तथा बालबालिकामाथि हुने घरेलु हिंसा, यौन हिंसा, साइबर उत्पीडन, आर्थिक तथा मनोवैज्ञानिक हिंसा, बालविवाह र सामाजिक विभेदका घटनाहरू निरन्तर दोहोरिनु नेपालमा लैङ्गिक समानता र मानव अधिकारको स्थिति अझै पनि चुनौतीपूर्ण रहेको प्रमाण हो।

| घटनाको प्रकार | पीडित सङ्ख्या २०२५ | | जम्मा |
|---|---|---|---|
| | महिला | बालिका | |
| बलात्कार | ३ | ३ | ६ |
| बलात्कारपछि हत्या | | १ | १ |
| घरेलु हिंसा | १७१ | | १७१ |
| परिवारजनबाट हत्या | ३ | | ३ |
| बोक्सीको आरोप | १ | | १ |
| जम्मा | १७८ | ४ | १८२ |

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका क्रममा इन्सेकले १ सय ८२ घटनाको अभिलेख गर्‍यो। यस अवधिमा बलात्कारका ६, बलात्कारपछि हत्याको एक, परिवाजनबाट हत्याका तीन, कथित बोक्सीको आरोप एक र घरेलु हिंसाका १ सय ७१ घटना अभिलेख भए।

संविधानले लैङ्गिक समानता, गरिमायुक्त जीवन र हिंसामुक्त समाज निर्माणलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा १८ ले लैङ्गिक आधारमा हुने कुनै पनि भेदभावलाई निषेध गर्दै सबै नागरिकलाई समानताको अधिकार प्रदान गरेको छ भने धारा ३८ ले महिलामाथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्ने, सुरक्षित मातृत्व, समान अवसर, प्रजनन स्वास्थ्य तथा न्यायमा पहुँच सुनिश्चित गर्ने संवैधानिक प्रत्याभूति गरेको छ। यस्तै, धारा ५१ (व) ले लैङ्गिक समानताको प्रवर्द्धन, हिंसामुक्त समाज निर्माण र संरचनागत विभेद अन्त्य गर्न राज्यलाई नीति निर्देशनका रूपमै स्पष्ट दायित्व तोकेको छ।

यस संवैधानिक आधारलाई कार्यान्वयन गर्न लैङ्गिक हिंसासम्बन्धी दण्ड-सजाय प्रावधानहरू समेटिएको मुलुकी फौजदारी संहिता, २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; लैङ्गिक हिंसाको नियन्त्रण र प्रतिक्रिया गर्न घरेलु हिंसा (नियन्त्रण तथा सजाय) ऐन, २०६६; मानव बेचबिखन तथा ओसारपसार

(नियन्त्रण) ऐन, २०६४; कार्यस्थलमा हुने यौनजन्य हिंसा (नियन्त्रण) ऐन, २०७२; बोक्सीको आरोप ( कसूर र सजाय) ऐन, २०७२; बालविवाह र यौनजन्य हिंसा रोकथामसम्बन्धी कानुनहरू; सार्थ विद्युतिय कारोबार ऐन २०६३, गोपनीयता ऐन (वर्ष) तथा साइबर सुरक्षासम्बन्धी नीतिगत व्यवस्थाहरू विद्यमान छन् । विद्युतिय माध्यम मार्फत हुने अपराधको प्रावधान राखे पनि विद्युतिय माध्यम मार्फत हुने हिंसा विशेष गरी लैङ्गिकतामा आधारित अनलाइन उत्पीडनलाई स्पष्ट रूपमा परिभाषित र वर्गीकृत गर्न सकेको छैन । महिला र बालिकामाथि विद्युतिय माध्यम मार्फत हुने हिंसा केवल प्राविधिक मुद्दा नभई गम्भीर मानवअधिकार उल्लङ्घन हो । यसले व्यक्तिको समानता, प्रतिष्ठा, स्वतन्त्रता र सुरक्षामा गम्भीर आघात पुऱ्याउँछ, जुन नेपालले अंगीकार गरेका अन्तर्राष्ट्रिय मानव अधिकार प्रतिवद्धताहरूकोपनि विपरित छन् ।

सम्पूर्ण संवैधानिक, कानुनी तथा अन्तर्राष्ट्रिय दायित्वहरूको पृष्ठभूमिमा हेर्दा १६ दिने अभियान अवधिमा देखिएका घटनाहरूले राज्य संयन्त्र अझै पर्याप्त प्रभावकारी नभएको पुष्टि गर्दछ । अनुसन्धान तथा अभियोजन प्रक्रियामा ढिलाइ, प्रमाण सङ्कलनमा प्राविधिक कमजोरी, पीडित-मैत्री सेवाको अभाव, सुरक्षित आश्रय र मनोसामाजिक सेवाको कमजोरी तथा लैङ्गिक र पीडित केन्दित संवेदनशीलताको न्यूनताले हिंसा रोकथाम र न्यायमा पहुँचका लक्ष्यहरूलाई गम्भीररूपमा प्रभावित पारिरहेको छ । लैङ्गिक हिंसा सम्बन्धमा विद्यमान सेवा र संयन्त्रहरूमा पीडितको पहुँच तथा सेवाप्रदायक निकायहरूमा श्रोतसाधन अपर्याप्ततो पीडितहरूको सुरक्षित पुनर्स्थापनामा चुनौतीको रुपमा रहेको छ ।

लैङ्गिक हिंसाविरुद्धको अभियान राज्य, नागरिक समाज, समुदाय, पुरुष, महिला, युवा तथा सम्पूर्ण सरोकारवालाहरूको साझा दायित्व हो । महिला र बालिकाहरूको आवाजलाई अनलाइनमा सुरक्षित राख्नु लोकतन्त्रको संरक्षणका लागि अपरिहार्य विषय हो भन्ने स्वीकार गर्दै डिजिटल क्षेत्रहरू महिलाहरूले पूर्ण, स्वतन्त्र र सुरक्षित रूपमा सहभागिता जनाउन सक्ने स्थानको रुपमा सुनिश्चित गरिनु आवश्यक छ । डिजिटल हिंसा अन्त्य गर्नु केवल लैङ्गिक समानताको आवश्यकता मात्र होइन, यो लोकतान्त्रिक अपरिहार्यता पनि हो। महिलाको सम्मान, गरिमा, समानता र सुरक्षित जीवन सुनिश्चित गर्न दण्डहीनता अन्त्य गर्ने, संरचनागत विभेद हटाउने तथा न्यायमा सहज तथा मर्यादित पहुँच उपलब्ध गराउने दिशामा राज्यले तत्काल, दिगो र प्रभावकारी कदम चाल्नु अत्यावश्यक छ ।

**सुझाव (डिजिटल हिंसामा मात्र केन्दित भयो, माथि डाटा प्रस्तुत गरिएका हिंसाका सम्बन्धमापनि १ सुझाव राख्नुपर्ने)**

- उत्पीडनलाई लैङ्गिक हिंसाको रूपमा स्पष्ट परिभाषित गरी विद्युतीय प्रविधि मार्फत हुने हिंसाको स्पष्ट व्याख्यासहित हिंसामा स्वरूप, शीघ्र र प्रभावकरी उपचार प्रणालीको व्यवस्था सहितको विशेष कानुनी प्रावधान निर्माण गर्नुपर्ने,
- साइबर अपराधको अनुसन्धान, अभियोजन तथा न्यायिक निर्णयमा संलग्न निकायहरूको प्राविधिक स्रोतसाधन परिचालनका साथै मानवीय क्षमता अभिवृद्धि गर्नु पर्ने,
- विद्यालय, क्याम्पस तथा समुदाय तहमा डिजिटल साक्षरता र सुरक्षित अनलाइन प्रयोगबारे व्यवस्थित कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने,
- महिला र बालिका लक्षित गोप्य पीडित-मैत्री उजुरी प्रणाली स्थापना गर्नु पर्ने,
- मनोसामाजिक र कानूनी सहयाता सेवामा पहुँच विस्तार र उपलब्ध सेवाबारे समुदायको सचेतना अभिबृद्धि गर्नु पर्ने,